# विकट गाउँका नागरिकलाई पुलको चिन्ता

**डम्मर बुढा मगर/हिटा**

बागलुङ, ४ असार

भौगोलिक विकटताका कारण पिछडिएको बागलुङको तमानखोलाका धेरै गाउँमा बर्खायाममा गाडी चल्दैनन् । एउटा गाउँ पुग्न दर्जन खोला छिचोल्नुपर्छ । तर, बर्खामा सबै खोलानालामा पानीको बहाव बढ्ने हुँदा गाडी तर्न सक्दैनन् । केन्द्र बोङ्गादोभान बजारदेखि वडा नम्बर ६ को नर्जाखानी गाउँ पुग्न हिउँदको समयमा साढे दुई घण्टा लाग्छ । यस गाउँमा पुग्न पाँचवटा पुल तर्नुपर्ने हुन्छ । गाउँपालिकाले चालु आर्थिक वर्ष एउटा घाटमा पुल निर्माण गरेको छ भने अन्य चार स्थानमा बन्न सकेका छैनन् । पुल नबनेपछि यस वर्षको बर्खामा पनि नर्जाखानीमा गाडी चल्ने छैनन् । यो विसं २०७६ सालमा सडकले जोडिएको बागलुङको सबैभन्दा टाढाको बस्ती हो ।

हिउँदको समयमा यातायातका साधन नियमित सञ्चालन भए पनि बर्खाको समय करिब चार महिना अवरुद्ध हुन्छ । बाह्रै महिना यातायात सञ्चालन गर्नका लागि चारवटा खोलामा पुल बन्नुपर्छ । नर्जाखानी पुग्न घट्टबोटघाट, खुङ्खानीघाट, खुङ्खानीबगर घाट र नर्जाबगर घाट गरी चार स्थानमा मोटरेबल पुल निर्माण गर्नुपर्छ । अहिलेसम्म भिकोसघाटमा मात्रै पुल बनेको छ । वडा नम्बर ३ को तमान, लाम्मेला गाउँ हुँदै म्याग्दी पुग्न ढोमई घाट र शेर्माखोला घाटमा पुल निर्माण गर्नुपर्छ । यहाँ पनि अहिलेसम्म पुल बनेको छैन । वडा नम्बर २ को बोङ्खानी, मुठाचौरलगायतका गाउँसम्म पुग्न बेसीघाट र बोङ्खानीघाटमा मोटरेबल पुल आवश्यक पर्छ । तर, अहिलेसम्म कुनै पनि ठाउँमा पुल बनेका छैनन् ।



तमानखोलावासीलाई बाह्रै महिना यातायातको सुविधा दिनका लागि नौवटा पुल निर्माण हुनुपर्ने गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो । अब ठूलो वर्षा भए सबै सडकहरू बन्द हुने उहाँको भनाइ छ । पुल नबन्दा असारदेखि असोजसम्म सेवाग्राहीलाई पालिकाबाट सेवा लिन समस्या हुने अध्यक्ष बुढा मगरको भनाइ छ । तमानखोलाका ६ वटा वडाका बस्तीहरूमा पुग्न धेरै भिरपहरा र खोलाहरू पार गर्नुपर्ने हुँदा नागरिकले समस्या भोग्नुपरेको उहाँले बताउनुभयो । धेरै खोलाहरूमा करिब दर्जन पुल आवश्यक परेको हुँदा त्यसका लागि पालिकाको स्रोत साधनले नभ्याउने भएकाले केन्द्र र प्रदेश सरकारको मुख ताक्नुपर्ने अवस्था रहेको अध्यक्ष बुढा मगर बताउनुहुन्छ ।

'यहाँका नागरिकको समस्या हामीहरूले राम्रोसँग बुझेका छौँ, कतिपय समस्या पालिकाबाटै समाधान गर्न सकिने रैछ भने कतिपय चाहेर पनि सकिँदो रहेनछ, बर्खामा धेरै गाउँबस्तीमा गाडी चल्दैनन्, दर्जन ठाउँमा पुल बनाउनुपर्छ, एउटै पुल बनाउन करोडौँ खर्च लाग्छ तर त्यो बजेट पालिकासँग हुँदैन,' अध्यक्ष बुढा मगरले भन्नुभयो, 'केन्द्र र प्रदेश सरकारसँग बजेटको माग गरिरहेका छौँ, सबै ठाउँमा एकै पटक काम नहोला तर विस्तारै पुल बन्नेमा आशावादी छौँ ।'

बर्खाको करिब चार महिना सडक बन्द हुने हुँदा वर्षा नहुँदै खाद्यान्न जोहो गरेर राख्नुपर्ने तमानखोला गाउँपालिका-६ का दिलबहादुर छन्त्यालले बताउनुभयो । बर्खामा सबैभन्दा बढी समस्या बिरामीलाई अस्पताल पुऱ्याउँदा हुने उहाँको भनाइ छ । विकट गाउँमा सडक पुगे पनि पुल नबन्दा सास्ती भोग्नुपर्ने अवस्था रहेको छन्त्याल बताउनुहुन्छ । उहाँले सडकले गाउँ नजोडिँदा स्थानीयले घोडा खच्चडमा ढुवानी गरेर सामान ओसारपसार गरेको भए पनि अहिले खच्चड पनि विस्थापित भएको बताउनुभयो ।

# बाढीपहिरोका कारण झापाका नौ घर विस्थापित, १० घर डुबानमा

**राजेन्द्र गौतम/हिटा**

झापा, ४ असार

झापाका विभिन्न नदी तथा खोलामा आएको बाढी र पहिरोका कारण नौ घर विस्थापित भएका छन् । विस्थापित परिवारका ३१ जना छिमेकीको घरमा शरण लिएर बसेको नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जनाएको छ । १० घर डुबानमा परेका छन् ।

कनकाई नदीको बाढीले गौरीगञ्ज गाउँपालिका-१ को होकलबारीमा सडक बगाएको छ । जसका कारण आवागमनमा कठिनाइ सिर्जना भएको छ । साविक महाभारा झापाको बढी बाढी प्रभावित र जोखिम क्षेत्र हो । नेरेसो झापा सभापति लोकराज ढकालका अनुसार स्थानीय खोलाले कचनकवल गाउँपालिका-५ का श्रीमलादेवी राजवंशी, कात्तिकलाल , संजय र कुञ्जी राजवंशीको परिवार विस्थापित भएको हो । विस्थापित १३ जना उनीहरू कचनकवल-५ की वडासदस्य प्रभा राजवंशीको घरमा शरण लिएर बसेका छन् ।

बिरिङको बाढीले झापा गाउँपालिका-६ युवाटोलाका दीपक आचार्य, सीता दाहाल, प्रदीप सिंह र नवीन बराइलीको परिवार विस्थापित भएको हो । विस्थापित १८ जना स्थानीय केदार श्रेष्ठको घरमा शरण लिएर बसेका छन् ।

अर्जुनधारा नगरपालिका-२ को लाप्चेटारकी पुष्पा मगरको घरमा पहिरोले क्षति पुऱ्याएको छ । उनीहरूको परिवार सुरक्षित रहेको जनाइएको छ । टाङटिङ र गोयाङको बाढीका कारण अर्जुनधारा-२ मदन



भण्डारीमार्गका १० घर डुबानमा परेका छन् । उनीहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

सोमबार रातिदेखि परेको पानीले झापामा भन्दा इलाममा बढी असर गरेको जनाइएको छ । झापामा मंगलबार बिहान पनि भारी बर्षा भएको थियो ।

# प्रदेश कार्यालयको चालु खर्च ह्वात्तै बढ्यो, पुँजीगत खुम्चियो

**दाने बोहरा/हिटा**

हुम्ला, ४ असार

कर्णाली प्रदेश सरकारअन्तर्गत हुम्लामा रहेका सरकारी कार्यालयको फागुन मसान्तसम्म पुँजीगत खर्च १४ प्रतिशत र चालुतर्फ भने २० प्रतिशत खर्च भएको थियो । चैत, वैशाख र जेठ गरी तीन महिनामा प्रदेश मातहतमा रहेका कार्यालयले असारे विकासलाई प्राथमिकता दिएका छन्, खर्चको चटारोले छोएको छ । प्रदेश मातहत कार्यालयको पुँजीगत खर्च खुम्चिएको छ । चालुतर्फको बजेट खर्च ह्वात्तै बढेको छ ।

बजेट खर्चमा हिउँदमा सुस्ताएका कार्यालयले आर्थिक वर्षको अन्तिम महिनामा खर्च बढाएर हतारोले छाएको छ । प्रदेश सरकारअन्तर्गत हुम्लामा रहेका सरकारी कार्यालयले पुँजीगत २८ प्रतिशत, चालुतर्फ ६८ प्रतिशत खर्च बढाएका छन् । चालुतर्फको बजेट खर्च तीनमा ह्वात्तै बढेको छ । पुँजीगत खर्च खुम्चिएको छ । जसअन्तर्गत उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले २१ प्रतिशत, डिभिजन वन कार्यालयले चार, खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले ३१, कृषि विकास कार्यालयले ७६, पशु अस्पताल तथा पशु सेवा कार्यालय ९९ प्रतिशत, सामाजिक विकास कार्यालय ४१ प्रतिशत, स्वास्थ्य सेवा कार्यालय ९४ प्रतिशत र पूर्वाधार विकास कार्यालयले २८ प्रतिशत खर्च गरेको प्रदेश लेखा इकाई कार्यालय हुम्लाका प्रमुख रामदत्त पाण्डेले बताउनुभयो । आर्थिक वर्षको जेठ मसान्तसम्म पशु अस्पताल र स्वास्थ्य कार्यालयले सबैभन्दा बढी बजेट खर्च गरेका छन् । यस्तै, वनले अहिलेसम्म चार प्रतिशतमात्रै खर्च गरेको छ । यस्तै, उनीहरूले पुँजीगत खर्च खुम्च्याएका छन् । विकासे बढी बजेट भएका कार्यालय खर्च रकममा खुम्चिएका छन् । पुँजीगततर्फको एक अर्ब, १७ करोड, २९ लाख, ६६ हजार बजेटमा ३३ करोड, ८६ लाख, तीस हजारमात्रै खर्च भएको प्रदेश लेखा इकाई प्रमुख पाण्डेले बताउनुभयो ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/०५

पूर्ण बहादुर थापाको छोरी, दल बहादुर थापाको श्रीमती शोवर्ण थापा प्रदेश.४ गण्डकी तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं.०५ बस्ने शोवर्ण थापाले यस शाखामा पेन्सन बचत खाता नं. १९९१५२४०३०२०१४ संचालन गर्दै आउनु भएकोमा मिति २०८०-१२-०३ मा निज खातावाला शोवर्ण थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने टोल सिं थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक शोवर्ण थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमौली शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोकालागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
दमौली शाखा, तनहुँ
फोन नम्बरः- ०६५-५६४२५२, फ्याक्सः- ०६५-५६४७९६



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सूचना

(प्रकाशित मितिः २०८१/०३/०५ गते)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका संस्थापक समूहका शेयरधनी श्री यम बहादुर खत्रीले २७,२४३.३३ कित्ता (बिक्री मूल्य न्यूनतम रु. १०५/- प्रति शेयर) तोकि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा निवेदन दिनु भएकोमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थापक समूहको शेयर खरिद/बिक्री गर्दा आफ्नै संस्थापकलाई पहिलो प्राथमिकता दिनु पर्ने र यसरी खरिद/बिक्री गर्दा सो शेयर खरिद/बिक्री हुन नसकेको अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही उपरोक्त शेयरहरु बिक्री गर्नु पर्ने भएकोले बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८१/०१/२६ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा यस बैंकको कुनै पनि संस्थापक शेयरधनीबाट उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोले सर्वसाधारणहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अतः प्रचलित कानून बमोजिम संस्थापक शेयर खरिद गर्न योग्यतम सर्वसाधारण व्यक्ति वा संस्थालाई उपरोक्त संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा निवेदन दिनु हुन अनुरोध छ ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

www.ctznbank.com



## नेपाल खानेपानी संस्थान
### शाखा कार्यालय लहान ।

**बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८१।०३।०५)

यस संस्थानको मिति २०८१।०१।२० गतेको राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्स दैनिकमा प्रकाशित सूचना बमोजिम देहायमा उल्लेखित कार्यको लागि **e-bid** मार्फत पेश भएका बोलपत्रहरुको प्रस्ताव मिति २०८१।०२।२१ गतेको दिन खोल्दा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कूल कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| 03/NWSCLAHAN/Works/2080-81 | 63mm,90mm,110mm & 160mm dia HDPE pipeline extension work at various places inside ward no 24,Govindapur,Lahan,Siraha | श्री दिब्या कन्स्ट्रक्सन,लहान ३ । | २३,२०,९९२.७९ |



## नमोबुद्ध नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८१/०३/०५

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/०२/१९ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/SQ/GOODS/080/081-01 | THE PROCUREMENT OF FABRICATION PACKAGE ROSHI KHOLA KHAKSI TRAIL BRIDGE | श्री Lumbini Engineering Works Pvt. Ltd., बुटवल, रुपन्देही | रु. १२,३७,४५८।९४ |



नेपाल सरकार
खानेपानी मन्त्रालय
## खानेपानी तथा ढल व्यवस्थापन बिभाग
### संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना , हेटौडा-मकवानपुर

**बोलपत्रको प्रस्ताब स्वीकृतको आशय सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०८१/०३/०५

यस आयोजनाको मिति २०८१/०१/२३ मा प्रकाशित सूचना अनुसार तपसिलको ठेक्काको मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुदा सार्बजनिक खरीद ऐन ,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि आजैका मिति देखि कुनै दाबि बिरोध भए सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासन गरिएको छ |

**तपशिल**

| Contract I.D. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Amount in Nrs. (With VAT and PS) |
|---|---|---|---|
| 03/080/081/Works/FWSSMP-Hetauda | Chunikhel Tupek-2 Khauki Kaundi Water Quality Improvement Project | Four S./Lawanya JV | 1,27,65,618.5 |

आयोजना प्रमुख



